# आकाशवाणी समाचार- नेपाली

मितिः २७ दिसम्बर २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

१. राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि गोवा, कर्नाटक र झारखण्डको चार दिने भ्रमणमा जानुहुनेछ। उहाँ आज साँझ गोवाको लागि प्रस्थान गर्नु हुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले आज र भोलि नयाँ दिल्लीमा मुख्य सचिवहरूको पाँचौं राष्ट्रिय सम्मेलनको अध्यक्षता गर्नुहुनेछ।

३. गृहमन्त्री अमित शाहले देशभर आतंकवाद विरोधी स्क्वाड एटिएस संरचना निर्माण गर्न आह्वान गर्नु हुँदै यसलाई चाँडो कार्यान्वयन गर्न राज्यका पुलिस महानिर्देशकहरूलाई निर्देशन दिनुभएको छ।

४. स्वास्थ्यमन्त्री जगत प्रकाश नड्डाले २०२७ सम्ममा क्षयरोगमुक्त भारतको लक्ष्य हासिल गर्न मिसन-मोड स्वास्थ्य सेवा सुधार र तीव्र प्रयासहरूको लागि आह्वान गर्नुभयो।

५. हिजो तिरुवनन्तपुरममा भएको तेस्रो महिला टी-२० अन्तर्राष्ट्रिय म्याचमा भारतले श्रीलंकालाई आठ विकेटले पराजित गरेको छ।

## राष्ट्रपति भ्रमण

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि गोवा, कर्नाटक र झारखण्डको चार दिने भ्रमणमा जानुहुनेछ। उहाँ आज साँझ गोवाको लागि प्रस्थान गर्नु हुनेछ। भोलि, उहाँ कर्नाटकको कारवार बन्दरगाहबाट पनडुब्बी यात्रामा निस्कनुहुनेछ। सोमबार, राष्ट्रपति मुर्मुले जमशेदपुरमा ओल चिकी लिपिको शताब्दी समारोहमा भाग लिनु हुनेछ। यो लिपि रघुनाथ मुर्मुले सन् १९२५ मा सन्थाली भाषाको लागि सिर्जना गर्नु भएको थियो। यो लिपि संथाल आदिवासी समुदायको लागि अत्यन्त सांस्कृतिक र भाषिक महत्त्वको छ र उनीहरूको पहिचान, साहित्य र सम्पदाको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्छ।

राष्ट्रपतिले सोही दिन एनआईटी जमशेदपुरको १५ औं दीक्षान्त समारोहलाई सम्बोधन गर्नु हुनेछ। मंगलबार, राष्ट्रपतिले झारखण्डको गुमलामा अन्तरराज्यीय जनसांस्कृतिक जमघट कार्तिक यात्रालाई सम्बोधन गर्नु हुनेछ।

## प्रधानमन्त्री-मुख्य सचिवहरू

प्रधानमन्त्री नरेन्द्र मोदीले आज र भोलि नयाँ दिल्लीमा मुख्य सचिवहरूको पाँचौं राष्ट्रिय सम्मेलनको अध्यक्षता गर्नुहुनेछ। हिजोदेखि सुरु भएको तीन दिने सम्मेलनले राष्ट्रिय विकास प्राथमिकताहरूमा निरन्तर संवादमार्फत केन्द्र र राज्यहरूबीच साझेदारीलाई बढावा दिने लक्ष्य राखेको छ। प्रधानमन्त्रीको सहकारी संघीयताको दृष्टिकोणमा आधारित सम्मेलनले देशको मानव पूँजी क्षमता र समावेशीकरण बढाउन र भविष्यको विकासलाई तीव्र बनाउन एकीकृत रोडम्याप विकास गर्न केन्द्र र राज्यहरूलाई एकसाथ ल्याउनेछ।

यो सम्मेलन **'विकसित भारत के लिए मानव पूंजी'** विषयवस्तुमा केन्द्रित हुनेछ, जसमा राज्य र केन्द्र शासित प्रदेशहरूका लागि उत्कृष्ट अभ्यासहरू र रणनीतिहरू समावेश हुनेछन्। पाँच प्रमुख क्षेत्रहरूमा विस्तृत रूपमा छलफल गरिनेछ जसमा प्रारम्भिक बाल्यकाल, विद्यालय र उच्च शिक्षा, कौशल विकास, खेलकुद र अतिरिक्त क्रियाकलापहरू सामेल छन्।

यो सम्मेलनमा छवटा विशेष सत्रहरू हुनेछन् जसले राज्यहरूलाई सम्बोधन गर्नेछ| यसमा शासनमा प्रविधि - अवसरहरू, जोखिमहरू र न्यूनीकरण; स्मार्ट आपूर्ति शृङ्खला र बजार सम्बन्धहरूको लागि कृषि; एक राज्य, एक विश्व-स्तरीय पर्यटन गन्तव्यमा ध्यान केन्द्रित हुनेछ; आत्मनिर्भर भारत र स्वदेशी; र वामपन्थी अतिवाद पछिको भविष्यको लागि रणनीतिहरू आदि सामेल छन् ।

सम्मेलनमा सबै राज्य र केन्द्र शासित प्रदेशहरूका मुख्य सचिवहरू र वरिष्ठ अधिकारीहरू साथै क्षेत्र विज्ञहरू उपस्थित छन्।

**शाह - आतंकवाद विरोधी**

गृहमन्त्री अमित शाहले देशभर साझा आतंकवाद विरोधी स्क्वाड एटिएस संरचना निर्माण गर्न आह्वान गर्नुभएको छ। गृहमन्त्रीले यसलाई सकेसम्म चाँडो कार्यान्वयन गर्न राज्यका पुलिस महानिर्देशकहरूलाई निर्देशन दिनुभएको छ। उहाँले देशभरका पुलिसका लागि साझा ATS संरचनाले हरेक तहमा आतंकवादी हमला रोक्न मद्दत गर्ने बताउनुभयो। श्री शाहले हिजो नयाँ दिल्लीमा दुई दिने राष्ट्रिय अनुसन्धान एजेन्सी (NIA) आतंकवाद विरोधी सम्मेलन २०२५ को उद्घाटन गर्नुभयो। यस अवसरमा उहाँले NIA ले साझा आतंकवाद विरोधी स्क्वाड (ATS) संरचना विकास गर्न व्यापक रूपमा काम गरेको पनि बताउनुभयो। गृहमन्त्रीले भविष्यका चुनौतीहरूको प्रभावकारी रूपमा सामना गर्न देशमा एक अभेद्य र बलियो 'आतंकवाद रोधी ग्रिड' सिर्जना गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो।

श्री शाहले आतंकवादी घटनाहरूमा प्रविधिको प्रयोगका कारण आतंकवादको प्रकृति परिवर्तन हुँदै गएकोले देश दुई कदम अगाडि रहनुपर्ने बताउनुभयो। उहाँले सरकारले संगठित अपराध उन्मूलन गर्न कार्य योजना लागू गरिरहेको बताउनुभयो। उहाँले भारतको आतंकवाद विरोधी क्षमतालाई अझ बढाउन सबै एजेन्सीहरूले देश र विश्वमा हुने प्रत्येक आतंकवादी घटनाको विश्लेषण गर्नुपर्ने पनि बताउनुभयो। गृहमन्त्रीले नरेन्द्र मोदी सरकारले देशमा आतंकवादको उन्मूलनलाई प्राथमिकता दिइरहेको बताउनु भयो। उहाँले भन्नुभयो, यो वार्षिक सम्मेलन प्रधानमन्त्री नरेन्द्र मोदीको आतंकवादप्रति शून्य सहनशीलताको दृष्टिकोण अन्तर्गत उदाउँदो खतराहरूलाई सम्बोधन गर्ने मञ्च बनेको छ। श्री शाहले भन्नु भयो, पहलगाम र दिल्ली विस्फोटका घटनाहरूको अनुसन्धान सामान्य पुलिसको होइन, पूर्ण अनुसन्धानको उत्कृष्ट उदाहरण हो। गृहमन्त्रीले दिल्ली विस्फोटका घटनाको उत्कृष्ट अनुसन्धानको लागि जम्मू कश्मीर पुलिसको प्रशंसा गर्नु भयो।

यस अवसरमा, श्री शाहले नौ राष्ट्रिय अनुसन्धान एजेन्सी कर्मचारीहरूलाई उनीहरूको उत्कृष्ट सेवा र आतंकवाद विरोधी उपायहरूमा योगदानको लागि सेवा पदक र वीरता पदकले सम्मान गर्नु भयो।

**विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवाल**

भारतले बंगलादेशमा अल्पसंख्यकहरू विरुद्ध निरन्तर भइरहेको शत्रुता गम्भीर चिन्ताको विषय भएको बताएको छ। हिजो नयाँ दिल्लीमा मिडियालाई जानकारी दिँदै विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भन्नु भयो, भारत बंगलादेशको मयमनसिंह शहरमा हालै एक हिन्दू युवाको भयानक हत्याको निन्दा गर्दछ र अपराधका दोषीहरूलाई न्यायको कठघरामा ल्याउनुपर्छ।

**बाइट**

H-1B भिसाको मुद्दामा, विदेश मन्त्रालयका प्रवक्ताले भन्नु भयो, H-1B भिसा भएका भारतीय नागरिकहरूलाई हुने अवरोधहरूलाई सम्बोधन गर्न र कम गर्न भारत अमेरिकासँग सक्रिय रूपमा संलग्न छ। श्री जयस्वालले भन्नु भयो, अमेरिकी भिसा अपोइन्टमेन्टहरू तालिकाबद्ध गर्न वा पुन: तालिकाबद्ध गर्न ढिलाइ र कठिनाइहरूको सामना गरिरहेका भारतीय नागरिकहरूबाट सरकारले धेरै प्रतिनिधित्वहरू प्राप्त गरेको छ। उहाँले भन्नु भयो, भारतले नयाँ दिल्ली र वाशिंगटन डीसीमा अमेरिकी अधिकारीहरूसँग यी चिन्ताहरू उठाएको छ।

**बाइट**

**स्वास्थ्यमन्त्री जगत प्रकाश नड्डा**

स्वास्थ्यमन्त्री जगत प्रकाश नड्डाले २०२७ सम्ममा क्षयरोगमुक्त भारतको लक्ष्य हासिल गर्न मिसन-मोड स्वास्थ्य सेवा सुधार र तीव्र प्रयासहरूको लागि आह्वान गर्नुभयो। नयाँ दिल्लीमा मध्य प्रदेश र छत्तीसगढका अधिकारीहरूसँग उच्चस्तरीय समीक्षा बैठकको अध्यक्षता गर्नु हुँदै श्री नड्डाले बलियो औषधि नियमन र सम्पूर्ण आपूर्ति शृङ्खलाको निरन्तर अनुगमनको महत्त्वलाई जोड दिनुभयो। उहाँले आपूर्ति शृङ्खला र अनुगमन अंतरालहरूलाई सम्बोधन गरेर नि:शुल्क औषधि र निदान योजनाहरूलाई बलियो बनाउन दुवै राज्यहरूलाई निर्देशन दिनुभयो। उहाँले जानकारी दिनुभयो, केन्द्रले खरिदमा रसद, पारदर्शिता र जवाफदेहिता सुधार गर्न IIM अहमदाबादसँग काम गरिरहेको छ।

उहाँले गुणस्तरीय निदान प्रभावकारी स्वास्थ्य सेवाको मेरुदण्ड हो भन्नुभयो। केन्द्रीय मन्त्रीले प्राथमिक, माध्यमिक र तृतीयक स्तरमा निदान सेवाहरूलाई सुदृढ पार्न आह्वान गर्नुभयो। उहाँले अस्पताल प्रशासनलाई व्यावसायिक बनाउने र रक्त बैंक, अस्पताल प्रणाली र सुरक्षा प्रोटोकलहरूको नियमनलाई कडा बनाउने आवश्यकतालाई जोड दिनुभयो।क्षयरोग उन्मूलनको बारेमा, स्वास्थ्यमन्त्रीले गहन स्क्रिनिङ, समयमै निदान, उपचार पालना र पोषण समर्थनसहित जिल्ला र ब्लक-स्तरीय मिशन-मोड हस्तक्षेपहरूको लागि आह्वान गर्नुभयो।

**<u>जयपुर - दुर्घटना</u>**

हिजो साँझ राजस्थानको चुरु जिल्लामा भएको सडक दुर्घटनामा पाँचजनाको मृत्यु भएको छ भने तीनजना गम्भीर घाइते भएका छन्।सन्द्वा पुलिस चौकी क्षेत्रमा ट्रेलर र एसयूभी ठोक्किएको पुलिसले जनाएको छ। कारमा सवार एक महिलासहित चारजनाको घटनास्थलमै मृत्यु भएको छ भने बीकानेरमा उपचारको क्रममा अर्का एकजनाको मृत्यु भएको छ।

मृतकहरूको पहिचान लालगढका उमेद सिंह, प्रह्लाद सिंह र दलिप सिंह र नागौर जिल्लाको श्यामसरका राजु कंवर र नारायण रामको रूपमा गरिएको छ, जसको पछि उपचारको क्रममा मृत्यु भएको छ। पुलिसले कारमा सवारहरू सान्द्वाबाट लालगढ फर्किरहेका थिए भनी बताएको छ।

**<u>बंगलादेश - भूकम्प</u>**

हिजो साँझ बंगलादेशको चट्टोग्राम क्षेत्रमा ३.९ म्याग्निच्युडको भूकम्प गएको छ। राष्ट्रिय भूकम्प विज्ञान केन्द्रका अनुसार भूकम्प साँझ ६:१३ बजे १० किलोमिटर गहिराइमा गएको थियो। अहिलेसम्म कुनै हताहतको रिपोर्ट आएको छैन।
बंगलादेश भारतीय, युरेशियन र बर्मी टेक्टोनिक प्लेटहरूको अत्यधिक सक्रिय जंक्शनमा अवस्थित छ।

**<u>जम्मू कश्मीर - विशेष रेलहरू</u>**

उत्तरी रेलवेको जम्मू डिभिजनले नयाँ वर्षको अवधिमा यात्रु ट्राफिकमा अपेक्षित वृद्धिलाई व्यवस्थापन गर्न नयाँ दिल्ली र श्री माता वैष्णो देवी कटरा बीच विशेष आरक्षित रेलहरू सञ्चालनको घोषणा गरेको छ। छुट्टीको मौसममा जम्मू कश्मीर जाने तीर्थयात्रीहरू र पर्यटकहरूको भारी भीडलाई ध्यानमा राख्दै, प्रत्येक १६ कोचहरू भएको विशेष रेल सेवाहरू आजदेखि अर्को महिनाको १ तारिखसम्म सञ्चालन हुनेछन्।

विशेष रेल नम्बर ०४०८१ आजदेखि यस महिनाको ३१ तारिखसम्म पाँच पटक नयाँ दिल्लीबाट श्री माता वैष्णो देवी कटरासम्म चल्नेछ। यो नयाँ दिल्लीबाट राति ११:४५ बजे प्रस्थान गर्नेछ र भोलिपल्ट दिउँसो १२ बजे कटरा पुग्नेछ।
फिर्ता सेवा, रेल नम्बर ०४०८२, डिसेम्बर २८ देखि जनवरी १ सम्म कटराबाट नयाँ दिल्लीसम्म पाँच पटक यात्राको लागि सञ्चालन हुनेछ। यो कटराबाट राति ९:२० बजे प्रस्थान गर्नेछ र भोलिपल्ट बिहान १० बजे नयाँ दिल्ली आइपुग्नेछ।

**<u>महिला क्रिकेट</u>**

हिजो राति तिरुवनन्तपुरममा भएको तेस्रो महिला टी-२० अन्तर्राष्ट्रिय म्याचमा भारतले श्रीलंकालाई आठ विकेटले पराजित गर्‍यो। यो जितसँगै भारतले पाँच म्याचको शृङ्खलामा ३-० को अजेय अग्रता लिएको छ।
श्रीलंकाले २० ओभरमा सात विकेट गुमाएर ११२ रन बनाएको छ। श्रीलंकाका लागि इमेशा दुलानीले सर्वाधिक २७ रन बनाइन्।
भारतका लागि रेणुका सिंह ठाकुरले चार विकेट लिइन् भने दीप्ती शर्माले तीन विकेट लिइन्।

भारतले १३ ओभर र दुई बलमा ११५ रन बनाएर खेल जित्यो। शफाली वर्माले ४२ बलमा अविजित ७९ रन बनाइन्।
रेणुका सिंहलाई प्लेयर अफ द म्याच घोषित गरियो।
यसअघि, भारतले आइतबार पहिलो म्याचमा श्रीलंकालाई आठ विकेटले पराजित गरेको थियो भने मंगलबार विशाखापट्टनममा दोस्रो म्याचमा सात विकेटले जित हासिल गरेको थियो।

****** ० ******